# प्रविधिका लागि अभिभावकहरूको मार्गदर्शन

DENVER PUBLIC SCHOOLS
Discover a World of Opportunity™

## ग्रेड तहमा तपाईको बच्चाले के जान्नुपर्छ भन्ने बारे प्रस्तावित मार्गदर्शनहरू

*विद्यार्थीहरू कलेज र पेशा तर्फ बढीरहँदा प्रविधि सीपहरू २१औं शताब्दी सिकाइको महत्त्वपूर्ण भाग हो। कोलोराडोले ग्रेड तह अनुरुप विद्यार्थी प्रविधिका निमित्त स्वीकृत मार्गदर्शनहरू प्रदान गर्दैन र प्रविधि आफैँलाई राज्यब्यापी रूपमा परीक्षण गरिँदैन, डेनभर पब्लिक स्कूल्सको शिक्षा समूहले अभिभावकहरूका लागि प्रविधि मार्गदर्शनहरू निर्माण गरेको छ। यो मार्गदर्शन अभिभावकहरूलाई आफ्ना बच्चाहरू एउटा ग्रेड तहबाट अर्को ग्रेड तहमा जाँदा उनीहरूले के जान्न उपयोगी हुन्छ भन्ने कुरा बुझ्न निर्माण गरिएको थियो। प्रोग्रामिङ जस्ता बढी उन्नत सीपहरूमा रुचि हुने अभिभावकहरू र विद्यार्थीहरूले त्यस्ता कक्षाहरू कहाँ र कहिले प्रदान गरिन्छन् भन्ने कुरा जान्नका लागि स्कूलमा सम्पर्क गर्नुपर्नेछ।*

### किन्डरगार्टेन

- ❐ विद्यार्थीहरूले कम्प्युटर, माउस, भोल्युम, याप र क्लिक जस्ता शब्दहरू जान्नु र बुझ्नु पर्नेछ।
- ❐ विद्यार्थीहरूले आइकनमा डबल क्लिक गर्न (दुईपल्ट थिच्न), टच स्क्रिन चलाउन र ट्र्याकप्याड प्रयोग गरेर पोइन्ट–र–क्लिक गर्न सक्षम हुनु पर्नेछ।
- ❐ विद्यार्थीहरूले गेस्ट अकाउन्ट प्रयोग गरेर उपकरणमा लग इन गर्न सक्षम हुनु पर्नेछ।
- ❐ विद्यार्थीहरूले सफ्टवेयर प्रयोग गरेर स्वतन्त्र रूपमा रेखाचित्र, प्रतिबिम्ब वा चित्र निर्माण गर्न सक्षम हुनु पर्नेछ।

### ग्रेड १

- ❐ विद्यार्थीहरूले टुलबार, डकुमेन्ट, ब्राउजर, प्रिन्टर र मेनु जस्ता शब्दहरू जान्नु र बुझ्नु पर्नेछ।
- ❐ विद्यार्थीहरू टुलबारका विकल्प (अपसन) हरू क्लिक नगरीकन होभर गर्न सक्षम हुनु पर्नेछ।
- ❐ विद्यार्थीहरूले ड्रपडाउन–मेनु पहिचान र प्रयोग गर्न सक्षम हुनु पर्नेछ।
- ❐ विद्यार्थीहरूले युजरनेम र पासवर्ड प्रयोग गरेर उपकरणमा लग इन गर्न सक्षम हुनुपर्नेछ।
- ❐ विद्यार्थीहरूले वेब ब्राउजर लन्च गर्न सक्षम हुनुपर्नेछ।

### ग्रेड २

- ❐ विद्यार्थीहरूले ट्याब, स्प्रेडसिट, हाइपरलिङक र सर्टकटजस्ता शब्दहरू जान्नु र बुझ्नु पर्नेछ।
- ❐ विद्यार्थीहरूले चित्रहरूमा दाहिने क्लिक गरेर कपि वा सेभ गर्न सक्षम हुनु पर्नेछ।
- ❐ विद्यार्थीहरूले स्वतन्त्र रूपमा फाइलहरूको स्थान पत्ता लगाउन, खोल्न, नामाकरण गर्न र सेभ गर्न सक्षम हुनुपर्नेछ।
- ❐ विद्यार्थीहरूले चित्र र अक्षरहरू समायोजित भएको साधारण स्लाइड सिर्जना गर्न सक्षम हुनुपर्नेछ।

### ग्रेड ३

- ❐ विद्यार्थीहरूले फोल्डर, नेभिगेट, पोडकास्ट, ग्राफिक्स र प्लेजरिज्मजस्ता शब्दहरू जान्नु र बुझ्नु पर्नेछ।
- ❐ विद्यार्थीहरूले रातो अन्डरलाइन भएका शब्दहरूमा दाहिने क्लिक गरेर हिज्जे (स्पेलिँग) जाँच्न सक्षम हुनुपर्नेछ।
- ❐ विद्यार्थीहरूले कट, कपि र पेस्ट गर्न सक्षम हुनुपर्नेछ।
- ❐ विद्यार्थीहरूले बलिया पासवर्डहरू सिर्जना गर्न र प्रयोग गर्न सक्षम हुनुपर्नेछ।

### ग्रेड ४

- ❐ विद्यार्थीहरूले टेम्प्लेट, साइबरबुलिइङ, स्प्याम र सामाजिक मेडियाजस्ता शब्दहरू जान्नु र बुझ्नु पर्नेछ।
- ❐ विद्यार्थीहरूले हाइपरलिङ्कहरूमा दाहिने क्लिक गरेर “नयाँ ट्याबमा खोल्ने” छान्न सक्षम हुनु पर्नेछ।
- ❐ विद्यार्थीहरूले स्वतन्त्र रूपमा गराज ब्यान्डजस्ता सफ्टवेयर प्रयोग गरेर पोडकास्टका लागि ध्वनि सम्पादन गर्न सक्षम हुनुपर्नेछ।
- ❐ विद्यार्थीहरूले तयार गरिएको टेम्प्लेट प्रयोग गरेर साधारण वेबपेज सम्पादन गर्न सक्षम हुनु पर्नेछ।



# प्रविधिका लागि अभिभावकहरूको मार्गदर्शन

**ग्रेड ५**

- ❒ विद्यार्थीहरूले बिब्लियोग्राफी, हेडर, फुटर र सर्च इन्जिनजस्ता शब्दहरू जान्नु र बुझ्नु पर्नेछ।
- ❒ विद्यार्थीहरूले बहु अप्लिकेसनहरूलाई सँगै हेर्नको लागि विन्डोहरूको आकार घटाउन बढाउन सक्षम हुनुपर्नेछ।
- ❒ विद्यार्थीहरूले आइमुभी वा मुभी मेकरजस्ता सफ्टवेयर प्रयोग गरेर साधारण भिडियो सम्पादन गर्न सक्षम हुनुपर्नेछ।
- ❒ विद्यार्थीहरूले थिम, रङहरू वा हाइपरलिङ्कहरू परिवर्तन गरेर साधारण वेबपेजलाई परिमार्जित गर्न सक्षम हुनु पर्नेछ।

**ग्रेड ६**

- ❒ विद्यार्थीहरूले ट्रान्सफर, कपिराइट, शुद्ध प्रयोग र फिल्टरजस्ता शब्दहरू जान्नु र बुझ्नु पर्नेछ।
- ❒ विद्यार्थीहरूले आफ्ना ग्रेडहरू अनलाइनमा हेर्न सक्षम हुनुपर्नेछ।
- ❒ विद्यार्थीहरूले टेम्प्लेट प्रयोग गरेर साधारण वेबसाइट सम्पादन गर्न सक्षम हुनुपर्नेछ।
- ❒ विद्यार्थीहरूले किबोर्डमा नहेरी प्रतिमिनेट २० शब्द टाइप गर्न सक्षम हुनुपर्नेछ।

**ग्रेड ७**

- ❒ विद्यार्थीहरूले डोमेन, ब्यानर र लास्सोजस्ता शब्दहरू जान्नु र बुझ्नु पर्नेछ।
- ❒ विद्यार्थीहरूले स्वतन्त्र रूपमा भिडियो सम्पादन सफ्टवेयर प्रयोग गर्न सक्षम हुनु पर्नेछ।
- ❒ विद्यार्थीहरूले प्रतिमिनेट २५ शब्द टाइप गर्न सक्षम हुनुपर्नेछ।
- ❒ विद्यार्थीहरूले मल्टिपल (बहु) सिटहरू, स्प्रेडसिटहरू सिर्जना गर्न र कन्डिसनल फर्मँलाहरूको प्रयोग गर्न सक्षम हुनु पर्नेछ।

**ग्रेड ८**

- ❒ विद्यार्थीहरूले फिल्ड, लेआउट, टेबल र व्यक्तिगत पोर्टफोलियोजस्ता शब्दहरू जान्नु र बुझ्नु पर्नेछ।
- ❒ विद्यार्थीहरूले मार्गदर्शन सहितको अनलाइन विद्यार्थी पोर्टफोलियो निर्माण गर्न सक्षम हुनु पर्नेछ।
- ❒ विद्यार्थीहरूले प्रतिमिनेट ३० शब्द टाइप गर्न सक्षम हुनु पर्नेछ।
- ❒ विद्यार्थीहरूले तथ्याङ्क सङ्कलन गर्नका लागि अनलाइन सर्वेक्षणहरू आरम्भ गर्न सक्षम हुनु पर्नेछ।

**ग्रेडहरू ९–१०**

- ❒ विद्यार्थीहरूले पिक्सेल, ह्यु, फिल्टर र रिजोल्युसनजस्ता शब्दहरू जान्नु र बुझ्नु पर्नेछ।
- ❒ विद्यार्थीहरूले पाइरेसी र प्लेजिरिज्मका नैतिक र कानुनी जटिलताहरू बुझ्नु पर्नेछ।
- ❒ विद्यार्थीहरूले विभिन्न स्रोतहरू प्रयोग गरी स्वतन्त्र अनुसन्धान सीपहरू अभ्यास गर्न सक्षम हुनु पर्नेछ।
- ❒ विद्यार्थीहरूले वैधता, विश्वसनीयता र उद्देश्य निर्धारण गर्नका लागि वेबसाइटहरूको मूल्याङ्कन गर्न सक्षम हुनुपर्नेछ।
- ❒ विद्यार्थीहरूले फोटोसप, इलस्ट्रेटर वा पिकासाजस्ता फोटो सम्पादन सफ्टवेयरहरूको प्रयोग गर्न सक्षम हुनु पर्नेछ।
- ❒ विद्यार्थीहरूले प्रतिमिनेट ४० शब्द टाइप गर्न सक्षम हुनु पर्नेछ।

**ग्रेड ११–१२**

- ❒ विद्यार्थीहरूले प्रोटोकल, डोमेन नेम, सर्भर पाथ र डिजिटल म्यानिपुलेसनजस्ता शब्दहरू जान्नु र बुझ्नु पर्नेछ।
- ❒ विद्यार्थीहरूले सिकाइ प्रदशित गर्न अनलाइन प्रस्तुति वा पोर्टफोलियो प्रस्तुत गर्न सक्षम हुनु पर्नेछ।
- ❒ विद्यार्थीहरूले विशिष्टिकृत प्राविधिक वा अनुसन्धान पुस्तकालयहरू प्रयोग गर्न सक्षम हुनु पर्नेछ।
- ❒ विद्यार्थीहरूले तथ्याङ्क स्रोतहरूबाट डकुमेन्टहरूलाई वर्ड प्रोसेसिङ डकुमेन्टमा समाहित (मर्ज) गर्न सक्षम हुनु पर्नेछ।
- ❒ विद्यार्थीहरूले दुवै हातले प्रतिमिनेट ५० शब्द टाइप गर्न सक्षम हुनु पर्नेछ।



